राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ५५ २०८२ भदौ २८ गते शनिवार (13 Sep. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## नेपालको पहिलो महिला प्रधानमन्त्री सुशिला कार्कीको उदय

# प्रधानन्यायाधीशदेखि प्रधानमन्त्रीसम्म

*दैनिक जनकपुरधाम*

काठमाडौं २७ भदौ । सुशीला कार्की नेपालको पहिलो महिला प्रधानमन्त्री बनेकी छिन् । उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार मन्त्रिपरिषद्को अध्यक्षमा नियुक्त गरेका छन् । यससँगै पहिलो महिला प्रधानन्यायाधीश बनेर इतिहास रचिसकेकी कार्कीले पहिलो महिला सरकार प्रमुखको रुपमा पनि अर्को इतिहास बनाएकी छिन् ।

उहाँले शुक्रवार राति नौ बजे शपथ ग्रहण गरेकी छन् । कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ खुवाएका हुन् ।

शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई लगायतको उपस्थिति रहेको थियो ।

जेनजी आन्दोलनले एमाले कांग्रेस गठबन्धनको केपी ओली नेतृत्वको सरकार ढलेसँगै कार्की पहिलो महिला सरकार प्रमुख बन्न सफल भएकी हुन् । गत भदौ २३ गते जेनजी पुस्ताले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर कम्तीमा १९ जना युवाको मृत्यु भएपछि २४ गते आक्रोशित समूहले देशभर प्रदर्शनसहित आगजनी र तोडफोड गरेको थियो ।

त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । ओलीको राजीनामापछि अन्तरिम सरकार गठनबारे सरोकारवाला पक्षबिच भएको छलफलमा संसद् विघटन र जेनजीका माग सम्बोधन गर्नेगरी कार्कीको नेतृत्वमा सरकार गठन गर्ने सहमति जुटेको थियो ।

पहिलो महिला प्रधानन्यायाधीशदेखि पहिलो महिला प्रधानमन्त्रीसम्म अन्तरिम सरकार प्रमुख बनेकी सुशीला कार्की सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश हुन् । नेपालमा न्यायालय स्थापना भएको ६५ वर्षभन्दा लामो इतिहासमा पहिलो महिला प्रधानन्यायाधीश बनेकी उनी औपचारिक नियुक्तिपछि नेपालमा प्रजातन्त्र आएको ७५ वर्षमा पहिलो महिला प्रधानमन्त्री (अन्तरिम सरकार प्रमुख) बनेकी छिन् ।

कार्की वि. सं २००९ जेठ २५ गते विराटनगरमा जन्मिएकी हुन् । महेन्द्र मोरङ क्याम्पसबाट २०२८ सालमा बीए र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ सालमा राजनीतिशास्त्रमा एमए गरेकी उनले त्रिभुवन विश्वविद्यालयबाट २०३४ सालमा कानुनमा स्नातक उपाधि हासिल गरेकी छिन् ।

उनले २०४२ देखि २०४६ सालसम्म महेन्द्र बहुमुखी क्याम्पस, धरानमा प्राध्यापन गरेकी थिइन् । विराटनगरस्थित नेपाली कांग्रेसको कोइराला परिवारसँग निकट रहेको पारिवारिक पृष्ठभूमिमा जन्मिएकी उनले दुर्गा सुवेदीसँग विवाह गरिन् । वकिलबाट प्रधानन्यायाधीशसम्मको यात्रामा श्रीमान् दुर्गाको साथ र इमानदारिताको ठूलो भूमिका रहेको उनैले बताउने गरेकी छिन् । २०३५ सालमा वकालत सुरु गरेकी उनले विराटनगरको पुनरावेदन अदालतमा बार अध्यक्षको जिम्मेवारी सम्हालिन् । २०६१ मा वरिष्ठ अधिवक्ता बनेकी कार्की २०६५ सलमा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश बनेकी उनी २०६७ मा स्थायी न्यायाधीश भएकी थिइन् । तत्कालीन प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले 'सुशीला कार्कीमा क्षमता देखेर नै सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको' बताएका थिए । न्यायाधीशका रूपमा कांग्रेस नेता जेपी गुप्ता बहालवाला सञ्चारमन्त्री रहेकै बेला भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेपछि सुशीला कार्कीको चर्चा हुन थालेको थियो ।

प्रधानन्यायाधीश भएकै बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीविरुद्धको मुद्दामा फैसला पुनरावलोकन गर्न भनी दिएको निवेदनमा सुशीला कार्कीले मुद्दा ब्युँतिने गरी निस्सा हुने आदेश दिएकी थिइन् । त्यसपछिको उनी बाहेकका तीन न्यायाधीशको पूर्ण इजलासले लोकमानसिंह कार्की पदमुक्त हुने निर्णय गरेको थियो ।

२०७३ सालमा प्रधानन्यायाधीश नियुक्त भएकी कार्कीको ११ महिनाको कार्यकाल विवादरहित भने बन्न सकेन । ११ महिने कार्यकालयमा उनले महाअभियोग खेपिन् । त्यतिबेला नेकपा माओवादी केन्द्रको अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको सरकार थियो । नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी) को भन्ने विवादको विषयलाई लिएर कार्कीमाथि संसद् सचिवालयमा महाअभियोग दर्ता भएको थियो । तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वकको सरकारले आईजीपीमा जयबहादुर चन्दलाई नियुक्त गरेपछि नवराज सिलवाल सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्चले एकै दिनमा निवेदन लिएर सोही दिन चन्दलाई प्रहरीको प्रमुख नियुक्त नगर्न आदेश दिएको थियो । सो फैसलाका कारण कार्कीमाथि महाअभियोग दर्ता भयो । कार्कीविरुद्ध १७ वैशाख २०७४ मा सत्तारूढ गठबन्धनका प्रमुख दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका २४९ सांसदको हस्ताक्षरसहित महाभियोग प्रस्ताव संसद् सचिवालयमा दर्ता भएको थियो । तुरुन्तै कार्कीलाई निलम्बित भएको पत्र दिइयो ।

यद्यपि तत्कालीन न्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले महाअभियोग निष्क्रिय हुने भन्दै कार्कीलाई सर्वोच्च फर्काएको थियो । अवकाशको अन्तिम समयमा भने सुडान घोटाला भ्रष्टाचार प्रकरणको विषयमा भने उनी विवादरहित बन्न सकिनन् । बहुचर्चित सुडान घोटालामा करोडौँ हिनामिना गर्ने नेपाल प्रहरीका पूर्वमहानिरिक्षककहरु ओमविक्रम राना, होमबहादुर गुरुङ, तत्कालीन प्रहरी महानिरीक्षक रमेशचन्द्र ठकुरीले करोडौको हिनामिना गर्दा न्यून सजाय दिएको भनी आलोचना भएको थियो ।

### *चुनौतीबिच प्रधानन्यायाधीश, फरक परिस्थितिमा प्रधानमन्त्री*

२०६२/०६३ को १९ दिने दोस्रो जनआन्दोलनपछि बनेको नेपालको संविधान २०७२ जारी भइसकेपछि प्रधानन्यायाधीश भएकी कार्कीलाई संघीय संरचना अनुसार कसरी अघि बढ्ने भन्ने चुनौती थियो । सातै प्रदेशमा उच्च अदालत गठन र न्यायपालिकाको प्रशासनिक चुनौतीलाई चिर्दै उनले न्यायालय सम्हालेकी थिइन् ।

उनले २०७३ साल असार २७ गतेदेखि २०७४ जेठ २४ गतेसम्म यो पद सम्हालेकी थिइन् । न्यून न्यायाधीशहरुबाट न्यायिक कार्यसम्पादन भइरहेका बेला वर्षौंदेखि न्यायाधीश रिक्तताको अवस्थामा उनले न्यायापालिकाको नेतृत्व लिएकी थिइन् ।

न्यायाधीश नियुक्त गर्दा उनले राजनीतिक व्यक्तिलाई ठाउँ दिएको र निष्पक्ष निर्णय गर्न नसकेको भन्ने उनीमाथि आरोप लागेको थियो । २०७३ पुस २९ मा कार्कीले न्याय परिषद्को बहुमत सदस्यको बलमा उच्च अदालतमा ८० जना न्यायाधीश नियुक्त गरेकी थिइन् । न्यायाधीश नियुक्तिको प्रक्रियाको विषयमा बैधानिकताको प्रश्न उठेको थियो । सो विरुद्ध सर्वोच्चमा रिट पनि दर्ता भयो । तर सर्वोच्चले २०७५ चैत २९ मा सो रिट खारेज गरिदियो । अदालतमा १० वर्षभन्दा लामो समयदेखि सुनुवाइ हुन नसकेर थन्किएर बसिरहेका बेला न्यायाधीश नियुक्त हुन नसक्दा हजारौँ विचाराधीन मुद्दा फस्र्यौट हुन सकेको थिएन । विवादकै बिच रहेर उनले उच्च अदालतको न्यायाधीश नियुक्त गर्दा अपजसको भारी खेप्नु परेको थियो ।

उनले न्यायालय सम्हाल्दा सर्वसाधारणबाट त्यति प्रश्न उठाएका थिएनन् । उनले न्यायालयमा हुँदा भ्रष्टाचार मुद्दालाई उच्च प्राथमिकता दिएर सुनुवाइ गरेकी थिइन् । न्यायालयबाट ६५ वर्ष उमेर हदका कारण प्रधानन्यायाधीशबाट सेवा निवृत्त भएपछि पनि भ्रष्टाचार र कुशासनको विषयमा खरो रुपमा अभियानकै रुपमा उत्रिरहेकी थिइन् । जेनजीले पनि गत भदौ २३ गते भ्रष्टाचार र कुशासन बढेको भन्दै सरकारविरुद्ध प्रदर्शन गर्‍यो । जुन प्रदर्शनका कारण नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार घुँडा टेक्न बाध्य बन्यो । प्रधानमन्त्रीले पदबाट केपी शर्मा ओलीले राजीनामा दिनुपर्‍यो । ओलीको राजीनामा पछि रिक्तता भएपछि उनी सरकार प्रमुखको पद सम्हाल्न आइपुगेकी छिन् । अहिले भने अनुमान नगरिएको परिस्थितिमाझ निकै प्रतिकूल अवस्थामा उनी अन्तरिम सरकारको नेतृत्वमा आइपुगेकी छिन् ।



## *माओवादी केन्द्रद्वारा भर्त्सना*

*राष्ट्रपति रामचन्द्र पौडेलले अन्तरिम सरकारको प्रमुख सुशीला कार्कीलाई बनाएकोमा नेकपा माओवादी केन्द्रले भर्त्सना गरेको छ । सरकार प्रमुख कार्कीले पद तथा गोपनीयताको शपथ लिने तयारी गरिरहेको बेला शुक्रबार माओवादी केन्द्रको पदाधिकारीको भर्चुअल बैठकले भर्त्सना गरेको हो ।*

*'जनताको सर्वोच्च संस्था प्रतिनिधिसभा विघटन गरेर संविधान, विधिको शासन र लोकतान्त्रिक मूल्य र मान्यता विपरीत सरकार प्रमुख नियुक्त गरेकोमा हाम्रो पार्टी घोर भर्त्सना गर्छ । साथै, संविधान र विधिको शासन कुल्चेर गरिएको नियुक्तिको विरूद्ध विरोध गर्न सम्पूर्ण जनतामा आह्वान गर्दछौं , बैठकको निर्णय सुनाउँदै सचिव देवेन्द्र पौडेलले भने ।*

# सिद्धार्थ-जाह्नवीको ‘परम सुन्दरी’मा यस्तो के छ जसले बहस चर्कायो ?



बलिउडको नयाँ फिल्मले फेरि एक पटक बहस सुरु गरिदिएको छ–देशको सबैभन्दा ठूलो र प्रभावशाली फिल्म उद्योगले गैर-हिन्दी भाषी राज्यका पात्रलाई कस्तो रुपमा प्रस्तुत गर्छ?

सिद्धार्थ मल्होत्रा र जाह्नवी कपूर अभिनीत रोमान्टिक कमेडी फिल्म परम सुन्दरी दक्षिण भारतको राज्य केरला की एक युवती र उत्तर भारत दिल्लीका एक युवाको प्रेमकथा हो।

परम र सुन्दरीबीच सुरुमा झगडा हुन्छ, पछि उनीहरू प्रेममा पर्छन्। त्यसपछि उनीहरूले आपसका सांस्कृतिक फरकहरूलाई पार गर्न सफल हुन्छन्।

यो विचार नयाँ होइन। बलिउडले उत्तर-दक्षिणबीचको सांस्कृतिक भिन्नतालाई लामो समयदेखि रोमान्टिक कमेडीमार्फत देखाउँदै आएको छ।

आलोचकहरू भन्छन्–बहुभाषिक मुलुकमा यदि यस्ता कथाहरू संवेदनशीलतापूर्वक देखाइए भने हिट बन्न सक्छन्।

तर केरला र दक्षिण भारतका समीक्षक तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले भने यो फिल्मको आलोचना गरेका छन्। उनीहरूको भनाइमा, फिल्मले केरला राज्यलाई सतही रूपमा देखाएको छ। सुन्दरी पात्रको व्यङ्ग्यात्मक प्रस्तुति पनि आलोचित भएको छ।

फिल्ममा जाह्नवी कपूर (सुन्दरी) प्रायः कपालमा चमेलीको फूलको गजरा लगाउँछिन्। उनी हातीसँग कुरा गर्छिन्, नारिवलका रुख चढ्छिन्–यी सबै प्रायः केरला सँग जोडिने रूढीबद्ध चित्रण हुन्।

फिल्ममा देखाइएअनुसार सुन्दरी केरला मै हुर्किएकी हुन् तर उनको मलयालम भाषा निकै कमजोर देखाइन्छ।

फिल्मको ट्रेलर सार्वजनिक हुनासाथ आलोचना सुरु भएको थियो। धेरै दर्शक सुन्दरी आफ्नै नाम उच्चारण गर्न नसकेकोमा समेत अचम्मित भए।

यसलाई केहीले विवादित फिल्म द केरला स्टोरी की पात्र शालिनी उन्नीकृष्णन (अदा शर्मा) सँग पनि जोडेर हेरे।

### *‘द केरला स्टोरी’सँग तुलना*

दुवै फिल्ममा समान कुरा देखिन्छ–केरलामा हुर्केका पात्रहरू संवादमा हिन्दी बोल्छन्, तर राम्रोसँग मलयालम बोल्न सक्दैनन्।



फिल्म परम सुन्दरी को सुरुमै एउटा दृश्य विवादित भयो। परमको साथीले “नाङ्गियारकुलङ्गरा” गाउँको नाम सुनेर गलत उच्चारण गर्छ र मजाकमा सोध्छ, “त्यो कहाँ हो? अफ्रिका?”

आलोचक भन्छन्–यस्ता संवादले रूढीबादलाई बल पुर्‍याउँछ र नस्लवादलाई सामान्य बनाउँछ।

फिल्म केरला पुगेपछि त्यहाँका दृश्यहरूको चेकलिस्ट जस्तै तस्बिर देखाउन थाल्छ–ब्याकवाटर, नारिवलका रुख, स्थानीय मदिरा, हात्ती, ओणम पर्व।

एक समीक्षकले यसलाई “केरल टुरिज्मको विज्ञापन” भन्दै वास्तविक सांस्कृतिक विविधतालाई बेवास्ता गरिएको टिप्पणी गरे।

फिल्ममा नारिवलसँग सम्बन्धित धेरै हास्य दृश्य छन्। परम र सुन्दरी पहिलो पटक नारिवलको रुख नजिक भेट्छन्। सुन्दरीले नारिवल फ्याँकेर रिस निकालेकी हुन्छिन्, अन्ततः उनीहरूले रुखमाथिबाट प्रेमको इजहार गर्छन्।

कतिपय दर्शकलाई भने सांस्कृतिक यथार्थको कमी ठूलो समस्या लाग्दैन।

बिहारका राजीव भन्छन्–फिल्मले अनजान संस्कृति चाखलाग्दो तरिकाले देखाउँछ। “शायद समयसँगै यो बदलिन्छ, तर फिल्मलाई रमाइलो बनाउन यति कलात्मक स्वतन्त्रता ठीकै हो।”


तर केही दर्शकहरूको भनाइमा फिल्मको सांस्कृतिक प्रस्तुति अधुरो छ।समीक्षक सौम्या राजेन्द्रनले फिल्मलाई “साधारण, थकाइ दिने र आपत्तिजनक” भनेकी छन्। उनका अनुसार, फिल्मले घिसेपिटी कथा “एक्सोटिक” केरला को पृष्ठभूमिमा लुकाउँछ र संगीतमार्फत यस भूमिको “अनजाने पाटो”लाई अनावश्यक रूपमा बढाइन्छ।

### *आलोचना भन्दा भारी सफलता*

कास्टिङलाई लिएर आलोचना हुने गरे पनि यस्ता फिल्महरू धेरैपटक बक्स अफिसमा सफल हुन्छन्।

जस्तै २०१३ को चेन्नई एक्सप्रेस आलोचना झेल्दा पनि हिट भयो।

२०१४ मा मेरी कोम मा मणिपुरकी बक्सरको भूमिकामा प्रियंका चोपडालाई रोज्दा कडा विरोध भयो। प्रियंकाले पछि स्वीकारिन्–“यो भूमिका उत्तर-पूर्वकी कलाकारले पाउनुपर्थ्यो।” तर फिल्म सफल रह्यो।




१९६८ को पडोसन मा महमूदले निभाएको तमिल गायकको पात्र आज पनि क्लासिक मानिन्छ।

महामारीपछि भारतीय मनोरञ्जन क्षेत्रमा ठूलो परिवर्तन आएको छ। अनलाइन स्ट्रिमिङ बढेपछि बलिउड संघर्षरत छ, ठूलो बजेटका फ्लप फिल्महरूले यसको बादशाहत हल्लाएका छन्।

अब गैर-हिन्दी फिल्महरू नेटफ्लिक्स र अमेजन प्राइममार्फत देशभर पुगिरहेका छन्।

परम सुन्दरी रिलिजपछि विस्तारै कमाइ गर्दैछ भने मलयालम सुपरहिरो फिल्म लोकाह नयाँ कथा र उत्कृष्ट प्रस्तुतीका कारण सुपरहिट बन्यो।लेखिका क्रिस भन्छिन्–जब पात्र कुनै राज्य वा समुदायका कार्टूनझैं लाग्छन्, दर्शकलाई आपत्ति हुन्छ। परम सुन्दरी ले सन्तुलन राख्न खोज्छ। सुन्दरीले परम र उसको साथीलाई बारम्बार उनीहरूको पूर्वाग्रह देखाउँछिन्, एकपटक त “अज्ञानी, घमण्डी, हकदार” जस्ता शब्द प्रयोग गरेर आलोचना गर्छिन्।

### *फिल्म र सांस्कृतिक विविधता*

विश्लेषकहरूका अनुसार भारतको गतिशील समाजमा फिल्महरूले सांस्कृतिक विविधता उत्कृष्ट रूपमा प्रस्तुत गरिरहेका छन्।

- गोधा (२०१७) ले केरला र पंजाबी संस्कृतिबीचको रोमान्स देखायो।
- अक्सोन (२०१९) ले उत्तर-पूर्वेलीहरूमाथि हुने विभेदलाई हास्यशैलीमा उतार्‍यो।
- करिब करिब सिङ्गल (२०१७) मा मुम्बईकी एक मलयाली युवतीको कथा छ।
- कान्स विजेता अल वी इम्याजिन ऐज लाइट (२०२४) ले प्रवासीहरूको संघर्षलाई संवेदनशील रूपमा देखायो।

बलिउड मात्र होइन, मलयालम सिनेमामा पनि प्रायः आदिवासी, दलित र तमिल पात्रहरूलाई रूढीबद्ध ढंगले देखाइएको पाइन्छ, जसरी हिन्दी बोल्नेहरूलाई दक्षिण भारतीय फिल्ममा कार्टूनझैं चित्रण गरिन्छ।



लेखिका/कवयित्री अलीनाको भनाइमा यो प्रश्न शक्ति-सन्तुलन र प्रतिनिधित्वसँग जोडिएको हो। उनले समुदायको आफ्नै आवाजबिनाको चित्रणलाई असन्तुलित र पक्षपाती भनेकी छन्।

उनले भनिन्–“हामी जस कला सिर्जना गर्न खोज्दैछौँ, त्यसमा मानिसहरूलाई सक्रिय सहभागी वा हिस्सेदार बनाउन जरुरी छ।”

*बीबीसीका लागि कलेक्टिभ न्यूज रुमद्वारा प्रकाशित*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

| एम्बुलेन्स | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |
| **प्रहरी कार्यालय** | |
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |
| **अस्पतालहरू** | |
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |
| **महत्वपूर्ण कार्यालयहरू** | |
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# दन्त चिकित्सासँग सम्बन्धित १० भ्रम : सत्य बुझौं !



डा. रिया प्रधान

मानिसहरूले दाँतको उपचारबारे आधा-अधुरा जानकारीका भरमा निर्णय लिन हुँदैन। समस्या झनै जटिल हुन सक्छ। यस लेखमा दन्त चिकित्सासम्बन्धी दसवटा प्रमुख भ्रमहरू र तिनको वास्तविकता प्रस्तुत गरिएको छ। पाठकहरूको सचेतना हाम्रो मुख्य उद्देश्य हो।

**१. भ्रम:** दन्त चिकित्सकहरू केवल दाँतसँग सम्बन्धित हुन्छन्।
***तथ्य:*** दन्त चिकित्सा केवल दाँत मात्र होइन, सम्पूर्ण मुख स्वास्थ्य, शिर र घाँटी क्षेत्रको बनावट (एनाटोमी), रोगहरूको अध्ययन र तिनीहरूको सम्पूर्ण शरीरसँगको सम्बन्धको अध्ययन पनि हो। त्यसैले हामीलाई केवल दाँतको बारेमा मात्र शिक्षा दिइन्छ भन्ने सोच्नु गलत हो।

**२. भ्रम:** दाँत निकाल्नु: अचुक उपाय
***तथ्य:*** शरीरको अरु अङ्ग जस्तै दाँत पनि उत्तिकै महत्वपूर्ण अङ्ग हो। आफ्नो अङ्गको तुलना कुनै पनि कृत्रिम वस्तु सँग गर्न सकिँदैन। कुनै पनि कृत्रिम दाँत हाम्रो प्राकृतिक दाँत जस्तो हुँदैन। त्यसैले सकेसम्म दाँत बचाउनु नै उत्तम हो।

*३. **भ्रम:*** क्लिनिकमा गएर उपचार गरेको, डाक्टर नै होलान्।
**तथ्य:**
- बजारमा भएका धेरै क्लिनिकमा सबै डाक्टर हुँदैनन्।
- डाक्टरका सहायकले कुनै सरल, साधारण उपचार गर्न मिल्छ तर जटिल उपचारहरु भने चिकित्सकले नै गर्छन्।
- तर अनैतिक, गैरकानूनी ढंगले क्लिनिक चलिरहेको नि प्रशस्त देखिएको छ। चिकित्सकले नभई सबै उपचार सहायकले र ढोंगीहरु (त्रगबअपक) गर्छन्।
- यदि उपचार गर्दै हुनुहुन्छ भने, उपचार कता, कसले र कसरी गर्दै हुनुहुन्छ भन्ने जानकारी पाउनु बिरामीको अधिकार हो।
- सबै जानेर बुझेर चिकित्सकको सल्लाह लिएर मात्र उपचार गर्नु होला।


*४. **भ्रम:** सेतो दाँत, स्वस्थ दाँत*



**तथ्य:**
- सेतो दाँत हेर्दा राम्रो भएपनि दाँत बलियो हो भन्ने पुष्टि गर्न सकिँदैन।
- फेसबूक, टीकटक, युट्युब जस्ता सामाजिक सञ्जालका माध्यमबाट घरेलु उपाय गरेर आफ्नो दाँत सेतो बनाउन खोज्नु भयो भने दाँत झनै कमजोर होला है।
- यद्यपि दाँत सेतो बनाउने इच्छा छ भने चिकित्सकको सल्लाह लिएर मात्र गर्नुहोला।

*५. **भ्रम:*** बच्चाको दाँत त झरिहाल्छ, त्यसैले यसको हेरचाह गर्नु पर्दैन।
**तथ्य:**
- दूधे दाँतले स्थायी दाँतको मार्गनिर्देशन गर्छ। दूधे दाँत समय भन्दा पहिले निकाल्यौ भने अरू छेउछाउका दाँत सर्ने र पछि आउने दाँतलाई ठाउँ नपुग्ने, बाङ्गोटिङ्गो आउने जस्ता अनेक समस्या आउन सक्छ।
- पछि यी दाँत झर्ने त हुन् भनेर बेवास्ता गर्नुहुँदैन।
- दूधे दाँतको सरसफाई, सुरक्षा एवम् कुनै रोगको लक्षण देखिएमा समयमा जाँच गर्नु र उपचार गर्नु पनि अभिभावकको महत्वपूर्ण जिम्मेवारी हो।

*६. **भ्रम:*** दाँत केही भाको त छैन, किन डेन्टिस्टकहाँ जानु!
तथ्य:




- धेरैजसो दाँतमा किरा लाग्ने समस्याहरू सुरुवातमा पीडारहित हुन्छ, नियमित जाँचबाट मात्र पत्ता लाग्छ।
- मुख स्वस्थ राख्न नियमित रूपमा जाँच गराउनु आवश्यक हुन्छ। हामीले कम्तीमा प्रत्येक ६ महिनामा एकपटक आफ्नो सम्पूर्ण मुखको स्वास्थ्य परीक्षण गराउनु पर्छ।

**३. भ्रम:** कडा ब्रशले गिजा र दाँत बलियो हुन्छ।
तथ्य:
- मुखको सरसफाई भन्नुको अर्थ केवल ब्रस गर्नु मात्र होइन। हामीले दाँत, जिब्रो, गिजा लगायत मुखको सबै भागको हेरविचार गर्नुपर्छ।
- दाँत र गिजा सफा राख्न नरम ब्रस र दाँतलाई सफा गर्ने धागो (dental floss) प्रयोग गर्न सकिन्छ।

- ब्रसको पछाडिको भागले धेरै बल प्रयोग नगरी जिब्रोमा रहेको फोहोरहरु मज्जाले सफा गर्न सकिन्छ।
- कडा ब्रशले गिजा र दाँतलाई क्षति पुर्‍याउन सक्छ। बेस्सरी फोहोर सफा गर्न खोज्दा उल्टै दाँत घोटिएला है।

*८. **भ्रम:*** गिजाबाट रगत आउनु सामान्य कुरा हो।



**तथ्य:**
- गिजाबाट रगत आउनु गिजाको रोगको संकेत हो। गिजाबाट रगत आउनुको धेरै कारणहरु छन्।
- तीमध्ये दाँत फोहोर हुनु सबभन्दा धेरै देखिने कारण हो।
- तर यो मात्र होइन।
- गिजाबाट रगत आउने अरु कारणहरू:
  - रगत सम्बन्धि रोगहरू
  - डेङ्गु
  - भिटामिन सी र भिटामिन के (Vit. C and Vit. K) को कमी, इत्यादि
- त्यसैले एकपटक चिकित्सकसँग सल्लाह लिऔं है।

९. भ्रम: माउथवाशले ब्रश नगरीकन नै सफा गर्छ।
**तथ्य:**
- बजारमा अनेक थरी माउथवाश पाइन्छ। माउथवाश सहायक मात्र हो, ब्रश र फ्लस अनिवार्य छन्।
- यदि कसैले ब्रस, फ्लस गर्न सक्दैन भने (जस्तै कि दुर्घटनामा परेका बिरामी, शारीरिक रूपले अशक्त व्यक्तिहरु) उनीहरूको मुख स्वास्थ्यका लागि चिकित्सकले माउथवाश दिन सक्छन्।
- अन्यथा ब्रस फ्लस गर्न सक्ने अवस्थामा माउथवाश उपयोग गर्न आवश्यक पर्दैन।

*१०. **भ्रम:*** दाँत निकाल्दा अन्धो भइन्छ कि?



**तथ्य:**
- समाजमा दाँत निकाल्दा अन्धो हुने, अरु रोग लाग्ने जस्ता भ्रम फैलिएको छ। यो गलत हो।
- दाँत निकाल्न पर्ने हो वा होइन, निकाल्न पर्ने भए अरु केही जटिलता देखिने सम्भावना छ कि छैन, सबै विवरण बिरामीलाई बुझाए पछि, बिरामीको समर्थनमा उपचार गरिन्छ।
- दाँत निकाल्न अगाडि र निकाले पछि के के गर्नुहुन्छ, के गर्नुहुँदैन, सबै बताइन्छ।
- बिरामीले सबै निर्देशनको राम्ररी पालना गर्ने हो भने डराउनु पर्दैन ।

दन्त स्वास्थ्य कवल दातसम्म सा।मत नभइ समग्र शा।रा।रक स्वास्थ्यसँग जोडिएको छ। आउनुहोस्, यी भ्रमहरूलाई चिर्दै सचेत र जिम्मेवार बनौं।

दन्त स्वास्थ्य केवल दाँतसम्म सीमित नभई समग्र शारीरिक स्वास्थ्यसँग जोडिएको छ। आउनुहोस्, यी भ्रमहरूलाई चिर्दै सचेत र जिम्मेवार बनौं।

# जितिया पर्वको तयारीमा मिथिलानी

महोत्तरी, २७ भदौ । राजनीतिक घटनाक्रमले असजिलो बनेको परिवेशबीच नै सन्तानवती मिथिलानी (मिथिलाका नारी) ले जितिया पर्वको तयारी थालेका छन् । निषेधाज्ञा र कर्फ्यूका बीच मिथिला क्षेत्रका सन्तानवती महिलाले यो पर्वको तयारी थालेका हुन् ।

प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (असोज कृष्णपक्ष) सुरु हुनासाथै पुत्रवती मिथिलानी (मिथिलाका नारी) ले जितियाको चर्चा र तयारी सुरु गर्छन् । यसपक्षको अष्टमी तिथिका दिन सन्तानको कल्याण कामनाका साथ गरिने यो पर्व यसपटक आगामी आइतबार (पर्सी) परेको छ । मिथिलामा यो पर्व पौराणिक र पारम्परिक महत्वको मानिन्छ ।

“पर्व आइसक्यो, तर कर्फ्यू अर्झै हटेको छैन, सरसामान जुटाउन हाटबजार आउजाउ गर्न अझै सहज भइसकेको छैन”, जलेश्वर(५ चौरियाकी बासिन्दा पेसाले शिक्षक नायडु तिवारी भन्नुहुन्छ, “हामीलाई भने पर्वले छोपी सकेको छ ।”

‘जितिया पावनी बड भारी’ (जितिया पर्व कठिन छ) मिथिलामा कठोर व्रत परम्पराको परिचय बनाएको यो पर्वका लागि मिथिलानी पितृपक्ष सुरु हुनासाथै आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्छन् । असोज कृष्णपक्षको पितृपक्ष सुरु हुनासाथै आम मिथिलानीबीच हुने भलाकुसारीमा जितियाकै तयारीको चर्चा हुन्छ । यो पक्ष सुरु हुनासाथ मिथिलानी आफ्ना कूलपुरोहितसँग सम्पर्क गरेर व्रतको दिनको टुङ्गो गर्न व्यग्रझैं हुन्छन् ।

सन्तानवती महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ । अष्टमी सुरु हुनु एकघडी (करिब साढे दुई घण्टा) पूर्व सुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एकघडी कटाएर समापन गरिने मैथिल परम्परा छ । उपवासकै दिन रात नकटी नवमी लागेपनि एक अहोरात्र व्रत हुनैपर्ने परम्पराले भोलिपल्टको सूर्योदयपछिमात्र साङ्गता (समापन) गर्नमिल्ने स्थापित परम्पराले कहिलेकाहीँ यो पर्व ३६ घण्टा बढीको समेत गरिएको पाका मिथिलानी सम्झन्छन् । यसपालि यो पर्व ३१ घण्टा केही बढीको छ ।

विद्यापति पञ्चाङ्ग र मिथिला पञ्चाङ्गका आधारमा तीर्थव्रतको टुङ्गो गरिनै मैथिल परम्परा छ । यसअनुसार यसपालि आउने आइतबार बिहान ८:४४ मिनटदेखि नै अष्टमी सुरु हुनेहुँदा सो दिन जितिया व्रत गरिने मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास(२ का बासिन्दा पण्डित महेशकुमार झा बताउनुहुन्छ । यसअनुसार भोलि शनिबार मध्यरातदेखि सुरु हुने व्रत एक अहोरात्र र नवमी एकघडी कटाउँदा सोमबार बिहान ७:०० बजे समापन गर्न सकिने उहाँको भनाइ छ । यो समय गणनाले यसपालिको व्रत ३१ घण्टा हुने झाले स्पष्ट पार्नुभयो ।

जितिया पर्वका बर्तालुले व्रतअघिको मध्यरातपूर्व ‘ओगटन’ (दर) खाएर पर्व सुरु गर्छन् । यसअनुसार यसपालिको ‘ओगटन’ भोलि शनिबार मध्यरातपूर्व हुनेछ । ‘ओगटन’ मा दहीचिउरा खाने आम चलन छ ।

सन्तानको सौर्यवृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै सुरु हुन्छ । यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरियुञ्जेल थुक निल्नु, अञ्जानमै पनि किरा, फट्याङ्ग्रा र झारपात मारिनु, चुँडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ ।

प्रारम्भमा सन्तान (छोरा/छोरी)को कल्याण कामनार्थ गरिँदै आइएको यो व्रत पछिपछि पितृसत्तात्मक समाज बन्दै गएपछि पुत्रका नाउँमा हुन थालेको अहिलेका आधुनिक मिथिलानी बताउँछन् । तर अब लैङ्गिक विभेदविरुद्धका सामाजिक सचेतना अभियान बढ्दै गएपछि फेरि सन्तान (छोराछोरी) कै नाउँमा गर्ने प्रचलन बढ्दै गएको मटिहानी नगर कार्यपालिकाको कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपा दास बताउनुहुन्छ ।

मिथिलामा यो पर्व सौर्य र पराक्रमको प्रतीक मानिनछ । ‘तोहर माय जितिया कैने छौ त आ भिड’ (तिम्री आँमाले जितिया गरेकी छन्भने आउ भिड) मिथिला क्षेत्रमा हुने झैझगडामा एकअर्कोपक्षलाई ललकार्नु पर्‍यो भने मैथिल यस्तै भन्छन् । यस उक्तिले पनि पर्वको महत्व झल्कने मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ । “सन्तानको सौर्यवृद्धि र कल्याणको कामना गर्दै आँमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ”, झा भन्नुहुन्छ, “कुनै मानिस लुरे, डरछेरुवा वा हुतिहारा देखिए यसका लागि आँमाले जितिया व्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्ने गर्छन् ।” मिथिलामा यो व्रतबारे गरिने यस्ता टिप्पणीले पनि पर्वको अपरिहार्यता र महत्ता बढाएको आम मैथिल बताउँछन् ।

सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा चलेको मानिन्छ । पितृपक्षमा पुरुषले दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरुले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने गरिएको मिथिलानी बताउँछन् । “हामी बर्तालु यस पर्वमा सासु, बुढीसासु, आँमा, बज्यै, बुढीबज्यै, फुपू, जेठानीदेउरानी, काकी र दिदीसहितका दिवङ्गतलाई तर्पण दिन्छौ” व्रतको तयारीमा रहेकी भङ्गाहा(४ थारुटोल बनराकी आसवती चौधरी भन्नुहुन्छ, “उनीहरुसँग सन्तानलाई स्वर्गबाट आशिर्वाद पठाइ राख्न प्रार्थना गरिन्छ ।”

पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ । बर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द(आमाजु र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई ‘षोडष मातृका श्राद्ध’ पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरुको भनाइ छ । ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिदै ‘तिमी आफ्ना पौत्रपौत्री ( नातिनातिना), प्रपौत्रप्रपौत्री (पनातिपनातिनी) र उनका सन्तानको कल्याण गर’ भन्ने कामना गरिन्छ ।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिँदै आइएको यो पर्वमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन् । अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको बूढापाका बताउँछन् । राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै सुरु भएको मानिन्छ । भविष्य पुराण द्वापरको अन्त्यतिर रचना भएको मानिदा यसलाई सो समयमै थालिएको मान्न सकिने जलेश्वर(४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक ८७ वर्षीय कृष्णचन्द्र झाको भनाइ छ । यसक्षेत्र ( मिथिला)का सबैजसो सन्तानवती मैथिल हिन्दू महिलाले मनाउने यो पर्वमा तीजजस्तै महिलाका लागि मधेस प्रदेश सरकारले विदा दिदै आएको छ ।



**देश जोगाऔं, संविधान बचाऔं" भन्दै प्रदर्शन :** देश जोगाऔं, संविधान बचाऔं" भन्दै प्रदर्शन गरिएको छ। गत सोमबार र मंगलबार जेनजी पुस्ताका युवाहरूले प्रदर्शन गरेपछि प्रधानमन्त्रीबाट केपी शर्मा ओलीले राजीनामा दिनुपरेको थियो भने देशले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको थियो। यसैबिच नयाँ सकारका लागि छलफल भइरहँदा देश र संविधानलाई जोगाउनका लागि दबाब स्वरूप शुक्रबार प्रदर्शन गरिएको हो। नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसन र पेशागत सङ्गठनहरूले रामसाह पथ स्थित बारको प्रांगणमा जेनजीको प्रदर्शनमा मृत्यु भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै मैन बत्ती समेत बालेका छन्।

# उपप्रमुखको घर जलाउँदा ग्यास पड्किएर एक जनाको मृत्यु

दैनिक समाचारदाता

भरतपुर, २७ भदौः चितवनको भरतपुर महानगरपालिकाका उपप्रमुखको घर जलाउँदा ग्यास पड्किएर एक जनाको मृत्यु भएको छ। जेनजी समूहको प्रदर्शनका क्रममा यही भदौ २४ गते दिउँसो उपप्रमुख चित्रसेन अधिकारीको घरमा आगो लगाउँदा ग्यास सिलिन्डर पड्किएर गम्भीर घाइते भएका भरतपुर(२१ का १९ वर्षीय सरोज गुरुङको उपचारका क्रममा आज मृत्यु भएको हो।

ग्यास पड्किएर गुरुङको टाउको, छाती र पेटमा चोट लागेको थियो। उहाँको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको थियो। आगलागीबाट उपप्रमुख अधिकारीको घर पूर्ण रुपमा क्षतिग्रस्त भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्द पुरीले जानकारी दिनुभयो।

यस्तै पूर्वी चितवनको भण्डारामा खानेपानी ट्याङ्कीको चेम्बरमा डुबेर एक जनाको मृत्यु भएको छ। आज बिहान राप्ती नगरपालिका(७ सिक्सगुपस्थित अमृतपानी खानेपानी तथा सरसफाइ समितिको चेम्बरभित्र स्थानीय ४० वर्षीय कमल घलेको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# नवनियुक्त प्रधानमन्त्रीलाई ६ महिनाभित्र अर्को निर्वाचन गर्ने म्यान्डेट

दैनिक समाचारदाता

काठमाडौं २७ भदौ। नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेकी छन्। पूर्वप्रधानन्यायाधीशसमेत रहेकी कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले शपथ खुवाएका हुन्।

कार्कीलाई ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन गर्ने म्यान्डेट दिइएको छ।

'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मुलुकमा उत्पन्न विषम तथा असाधरण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान बमोजिम राष्ट्रपतिका अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकोले राष्ट्रध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिवन्धात्मक व्यवस्था बमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशिला कार्की, मोरङलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको छ।

साथै, आज राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष नवनियुक्त सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्कीज्यूले नेपालको संविधानको धारा ८० बमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ, विज्ञप्तिमा भनिएको छ।

# संसद् विघटनतर्फ अग्रसर हुनु विडम्बना : शंकर पोखरेल

दैनिक समाचारदाता

काठमाडौं २७ भदौ। नेकपा एमालेका महासचिव शंकर पोखरेलले संसद् विघटन गर्नतिर अग्रसर हुनुलाई विडम्बनापूर्ण भएको बताएका छन्। महासचिव पोखरेलले विगतमा बहुमतको प्रधानमन्त्रीले संसद् विघटन गर्दा त्यसलाई असंवैधानिक भन्दै मुद्दा हाल्ने र फैसला सुनाउनेहरू अहिले स्वयं विघटनतर्फ अग्रसर हुनु विडम्बनापूर्ण विषय भएको शुक्रबार सामाजिक सञ्जालमार्फत बताएका हुन्। साथै उनले सबैलाई सतर्क रहन र खबरदारी गर्न आग्रह गरेका छन्। 'विगतमा बहुमतको प्रधानमन्त्रीले संसद् विघटन गर्दा त्यसलाई असंवैधानिक भन्दै मुद्दा हाल्ने र फैसला सुनाउनेहरू अहिले स्वयं विघटनतर्फ अग्रसर हुनु विडम्बनापूर्ण विषय हो। त्यसैले सतर्क रहौं, खबरदारी गरौं', महासचिव पोखरेलले लेखेका छन्।

शुक्रबार साँझ जेनजीको माग अनुसार संसद् विघटन गर्ने र प्रधानमन्त्री सुशीला कार्कीलाई नियुक्त गर्ने सहमतिपछि पोखरेलले यस्तो बताएका हुन्।



यस्तै एमाले सांसद सूर्य थापाले पनि संसद् विघटनको विरोध गरेका छन्।

'रामचन्द्र पौडेलको आत्मसुरक्षावादी कायरता र अनैतिक आत्मसमर्पणमा निर्दोष प्रतिनिधिसभाको संहार गरिएको छ।लोकतन्त्रको प्रयोगशालामा कठपुतलीकरण भएको कालो दिन( भदौ २७ गते', थापाले सामाजिक सञ्जालमा लेखेका छन्।

# आन्दोलनमा ज्यान गुमाएकाहरुको पशुपति आर्यघाटमा अन्त्येष्टि

दैनिक समाचारदाता

काठमाडौं, २७ भदौ। 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाएका नेपाल प्रहरीसहितका केहीको आज पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

उक्त आन्दोलनमा ज्यान गुमाएका सिन्धुली स्थायी ठेगाना भएका नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक मिलन राई, दार्चुला लेकम ठेगाना भएका प्रहरी जवान उत्तम थापा, बझाङ स्थायी ठेगाना भएका जेनजी युवा सुवास बोहरालगायतको आज पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो।

त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव परीक्षणपछि आज पशुपति आर्यघाटमा लगेर अन्त्येष्टि गरिएको हो। प्रसनि राई र प्रहरी जवान थापालाई नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाह, दानबहादुर कार्की, डा मनोज केसीलगायतका प्रहरी अधिकारीले आज पशुपति आर्यघाट पुगेर श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।

जेनजी प्रदर्शनका क्रममा देशभरमा प्रहरीसहित मृत्यु हुनेको सङ्ख्या ५१ पुगेको जनाइएको छ। जसमा तीन प्रहरी, एक भारतीय महिलासहित छन्।


## अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

## रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ३४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३३४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४